# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## प्रदेश नं.-१

## स्थानीय राजपत्र

### लिखु गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः- ४ | संख्याः- ६ | मितिः- २०७७ / ०९ /१६ |
|---|---|---|


### भाग-२

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा लिखु गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५लाई प्रथम पटक संशोधन गर्न बनेको नियमावली, २०७७ लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## लिखु गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५लाई प्रथम पटक संशोधन गर्न बनेको कार्यविधि, २०७७

प्रस्ताव पेश गर्न प्रमुखबाट स्वीकृत मितिः २०७७/०९/१६

१. **विषयवस्तुको संक्षिप्त व्यहोराः** गाउँ कार्यपालिका तथा मातहतका कार्यालय र संस्था अन्तर्गत प्राविधिक कर्मचारीहरुको रिक्त दरबन्दीमा पदपूर्ति गर्न भएको विद्यमान व्यवस्थालाई छिटो, छरितो र थप प्रभावकारि बनाउन र यस सम्बन्धमा जारी भएका संघीय, प्रदेश तथा स्थानीय कानूनहरु सँग पनि सामञ्जस्यता कायम गर्न करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ मा संशोधन आवश्यक रहेको छ। यो संशोधन कार्यपालिकाबाट पारित भएमा स्थानीय सरकारलाई कुनै प्रकारको थप आर्थिक भार पर्ने छैन।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः** यो ऐन संशोधन गर्न प्रदेश कानूनहरु तथा विद्यमान स्थानीय कानूनहरुलाई आधार मानिएको छ। गाउँ कार्यपालिका तथा मातहतका कार्यालय र संस्था अन्तर्गत रिक्त रहेका प्राविधिक कर्मचारीहरुको करार प्रकृयाद्वारा पदपूर्ति गर्दा एकरुपता तथा गुणस्तर

कायम गर्न यस संशोधन आवश्यक रहेको र उक्त कुरा अन्य कुनै कानूनसँग बाझिएको नदेखिएको राय पनि प्राप्त भएको छ ।

३. **प्रस्ताव पेश गर्नाका कारणः** गाउँ कार्यपालिका तथा मातहतका कार्यालय र संस्था अन्तर्गत प्राविधिक कर्मचारीहरुको रिक्त दरबन्दीमा पदपूर्ति गर्न भएको विद्यमान व्यवस्थालाई छिटो, छरितो र थप प्रभावकारि बनाउन र यस सम्बन्धमा जारी भएका संघीय, प्रदेश तथा स्थानीय कानूनहरुसँग यस ऐनको सामञ्जस्यता स्थापित गर्न यो संशोधन प्रस्ताव पेश गरिएको हो ।

४. **निर्णय हुनु पर्ने व्यहोराः** करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ मा संशोधनका लागि पेश गरिएका नियमहरु देहाय बमोजिम छन्-

| विद्यमान व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| **नियम ४(३)**<br>उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ को समितिले मूल्याङ्कन गरी सुचिकृत गर्नुपर्नेछ :<br>क. शैक्षिक योग्यता वापत -६० (साठी) अंक, (विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) ।<br>ख. कार्य अनुभव वापत -१० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।<br>ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम -१० (दश) अंक<br>१. सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा -१० अंक | **नियम ४(३) परीक्षण विधिः**<br>(१)उपनियम २ बमोजिम पर्न आएका आवेदनकर्ताहरुको छनौट नियम बमोजिम गठित समितिले देहायका सबै वा आवश्यकता अनुसारको परीक्षण विधि प्रयोग गरि गर्न सक्नेछः-<br>(क) प्रारम्भिक योग्यता क्रम सूची<br>(ख) लिखित परिक्षा<br>(ग)प्रयोगात्मक परिक्षा<br>(घ)अन्तरवार्ता<br>(२)संघ तथा प्रदेश सरकारबाट सशर्त कार्यक्रमका लागि कर्मचारी नियुक्त गर्नु परेमा र सो सम्बन्धमा तत् तत् सरकारबाट मार्गदर्शन पनि प्राप्त भएमा सोही बमोजिम गरिनेछ । | करारमा प्राविधिक कर्मचारीहरुको रिक्त दरबन्दी पदपूर्ति गर्न भएको विद्यमान व्यवस्थालाई छिटो, छरितो र थप प्रभावकारि बनाउन र यस सम्बन्धमा जारी भएका संघीय, प्रदेश तथा स्थानीय कानूनहरुसँग यस ऐनको सामञ्जस्यता स्थापित गर्न |

| | | |
|---|---|---|
| २. सम्बन्धित जिल्लाको बासिन्दा भएमा -५ अंक<br>घ.अन्तवार्तामा अधिकतम २० अंक।<br>यस अनुसारअकं प्रदानगर्दान्युनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदानगर्नुपर्नेछ। | | |
| **नियम ४(५)**<br>केही व्यवस्था नभएको। | **नियम ४(५) प्रारम्भिक योग्यता क्रम सूचीः**<br>(१)प्रारम्भिक योग्यता क्रम सूची देहायको मूल्याङ्कन बमोजिम प्रकाशन गरिनेछः-<br>(क) माथिल्लो तहको शैक्षिक योग्यता बापतः २ अंक<br>(ख) कार्य अनुभव बापतः ३ अंक (प्रति वर्ष ०.५ अंकका दरले)<br>(ग)समावेशी समूह (महिला, आदिवासी जनजाती, दलित, अपाङ्ग) बापतः २ अंक<br>(घ)स्थानीय बासिन्दा भए बापतः ८ अंक (लिखु गाउँपालिकाको भए ८ अंक र लिखु गाउँपालिका बाहिर ओखलढुङ्गा जिल्लाको भए ४ अंक)<br>(२)उप नियम ५(१) बमोजिम कुनै पनि अंक प्राप्त गर्न नसकेका उम्मेदवारलाई पनि अनुतीर्ण मानिने छैन। | |
| **नियम ४(६)**<br>केही व्यवस्था नभएको। | **नियम ४(६) लिखित परिक्षाः**<br>लिखित परिक्षा व्यवस्थापन देहाय बमोजिम हुनेछः-<br>(क) लिखित परीक्षाको पाठ्यक्रम लोक सेवा आयोगले | |

| | | |
|---|---|---|
| | निर्धारण गरे बमोजिम हुनेछ ।<br>(ख) प्रारम्भिक योग्यता क्रम सूचीमा समावेश भएका उम्मेदवारले मात्र लिखित परिक्षामा भाग लिन पाउनेछन्।<br>(ग) लिखित परिक्षा सम्बन्धी अन्य व्यवस्था परिक्षाको स्वच्छता तथा प्रतिस्पर्धामा संकुचन नहुने गरि नियम ५ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ । | |
| **नियम ४(७)**<br>केही व्यवस्था नभएको । | **नियम ४(७) प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताः**<br>नियम ५ बमिजिमको समितिले लिखित परीक्षामा उत्तीर्ण भएका मध्ये प्रारम्भिक योग्यता क्रम र लिखित परीक्षाको एकमुष्ट योग्यता क्रमको आधारमा कम्तीमा माग पद संख्याको १५०% उम्मेदवारको प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता लिनेछ । | |
| **नियम ४(८)**<br>केही व्यवस्था नभएको । | **नियम ४(८) अन्तिम योग्यता क्रम सूचीः**<br>नियम ४ (५, ६, ७) बमोजिम लिईएका परीक्षाहरुमा प्राप्त अंकहरुलाई जम्मा शत प्रतिशतमा देहाय बमोजिम भार दिई सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवार सिफारिस हुने गरि अन्तिम योग्यता क्रम सूची प्रकाशन गरिनेछः-<br>(क) प्रारम्भिक योग्यता क्रमः बढीमा १५%<br>(ख) लिखित परीक्षाः कम्तीमा ७५% | |

| | | |
|---|---|---|
| | (ग)प्रयोगात्मक तथा अन्तर्वार्ताः बढीमा १०% | |
| **नियम ५ अन्तर्वार्ता र सूचिकरण समितिः**<br>माग पद संख्याका आधारमा कार्यविधिको दफा (४) को उपदफा (३) बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत लिई सूचिकरणको सिफारिस गर्न देहायको अन्तरवार्ता तथा सूचिकरण समिति रहनेछः<br>(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक<br>(ख) अध्यक्ष वा प्रमुखले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी - सदस्य<br>(ग) गाउँपालिकाको विषयगत शाखा प्रमुख - सदस्य | **नियम ५ कर्मचारी छनौट समितिः**<br>(१)नियम ४ बमोजिमको परीक्षा सञ्चालन, व्यवस्थापन तथा सिफारिसका लागि देहाय बमोजिमको कर्मचारी छनौट समिति गठन गरिनेछः-<br>(क) प्रमुख प्रशासकीय आधिकृत- संयोजक<br>(ख) कार्यपालिकाले तोकेका दुईजना अधिकृत कर्मचारी – सदस्य<br>(२)उप नियम १ बमोजिम बनेको समितिले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ। | कर्मचारी छनौट समिति छरितो बनाउन। |
| **नियम ९ करार समाप्तीः**<br>(१) यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरबन्दीमा नेपालको संविधान बमोजिम कर्मचारी समायोजन भई खटिई आएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ। | **नियम ९ करार समाप्तीः**<br>(१) यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरबन्दीमा नेपालको संविधान बमोजिम कर्मचारी समायोजन भई खटिई आएमा वा स्थायी पदपूर्ति भएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ। | करार समाप्तीको प्रावधान थप स्पष्ट बनाउन। |
| **नियम १० विविधः**<br>यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा | **नियम १० विविधः**<br>(१)नियम ४ बमोजिमको परीक्षामा उत्तीर्ण भई अन्तिम योग्यता क्रममा माग पद | करारमा नियुक्त कर्मचारीहरुका लागि विदा |

| | | |
|---|---|---|
| प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ। | संख्या भन्दा तल रहेको कारणले सिफारिस हुन नसकेका उम्मेदवारहरु स्वतः वैकल्पिक सूचीमा रहने छन् र कुनै कारणले सिफारिस भएको मितिले १ वर्ष भित्र कुनै पद रिक्त हुन गएमा सोही पदका लागि वैकल्पिक सूचीमा रहेका उम्मेदवार मध्ये योग्यता क्रमको आधारमा करार नियुक्तिको लागि सिफारिस गर्न सकिनेछ।<br>(२)विदाः करारमा नियुक्त भएका कर्मचारीहरुका लागि विदा सम्बन्धमा देहाय बमोजिम हुनेछः<br>(क) करारमा नियुक्त भएका कर्मचारीहरुले जिम्मेवारी अर्को वर्षमा नसर्ने गरि अथवा संचित नहुने गरि प्रति महिना रुजु हाजिर भई कामकाज गरे बापत १ दिनको दरले घर विदा, आधा दिनको दरले भैपरी तथा पर्व विदा, सेवा अवधी भरि बढीमा २ पटक १५ दिनको दरले किरिया विदा र महिला कर्मचारीहरुले मात्र सेवा अवधि भरिमा बढीमा २ पटक ६० दिनका दरले प्रसुति विदा पाउने छन्।<br>(ख) विदा अवधी भरको पूरा तलब सम्बन्धित कर्मचारीलाई प्रदान गरिने छ।<br>(ग)करार अवधि समाप्त हुँदाको बखत संचित रहेको कुनै पनि विदा बापत कुनै पनि प्रकारले भुक्तानी गरिने छैन। | तथा चाडपर्व र पोशाक खर्च सम्बन्धी समय सापेक्ष व्यवस्था गर्न। |

| | | |
|---|---|---|
| | (३)लगातार ६ महिना सम्म करार निरन्तरता भई अटुट रुपमा सेवा गरेका कर्मचारीहरुलाई सालबसाली रुपमा १ महिनाको तलब बराबरको रकम चाडपर्व खर्च र रु १०,०००।०० पोशाक भत्ता उपलब्ध गराईनेछ। | |
| **नियम ११**<br>केही व्यवस्था नभएको। | **नियम ११ बाधा अडकाउ फुकाउनेः**<br>यस कार्यविधिको कार्यान्व्यनको क्रममा कुनै बाधा पर्न गए कार्यपालिकाले आवश्यक निर्णय गरि बाधा अडकाउ फुकाउन सक्नेछ। | कार्यान्व्यनमा सहजता ल्याउन। |
| **नियम १२**<br>केही व्यवस्था नभएको। | **नियम १२ बचाउः**<br>यस अघि कर्मचारी छनौट तथा सिफारिस सम्बन्धी भए गरेका कामहरु यसै बमोजिम भएको मानिनेछ। | थप पर्न सक्ने कानूनी जटिलता निवारण गर्न। |

**आज्ञाले**

अभय कुमार गुप्ता

प्रमुख प्रशासकीय अधिकृत

मितिः- २०७७/०९/१६